सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम

स्वतः प्रकाशनको लागि तयार गरिएको सूचनाको विवरण

२०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

(श्रावण देखि आश्विन मसान्त सम्म)

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं।

निर्देशक

विषय सुचि

१.राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको स्वरुप र प्रकृतिः 3

परिचय..3

लक्ष्य 3

उद्देश्यहरू..3

रणनीतिहरू 4

2. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्य विवरण..4

३. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुको दरबन्दी विवरण..7

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुको संगठन संरचना..9

4. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रदान गरिने सेवा, रहेका शाखा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः.........9

५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः 10

६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः..11

७. केन्द्रबाट चालु आ.व 2083/084 को प्रथम त्रैमासिक अन्तर्गत(2083 श्रावण देखि आश्विन मसान्तसम्म) सम्पादित कार्यहरुः..11

सिप विकास शाखा..14

१ सम्पन्न तालिमहरुको विवरण..14

२ सञ्चालन गरिएका तालिमहरूको संक्षिप्त विवरण..15

१. स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training 15

२. सरकारी कर्मचारीका लागि Basic Life Support (BLS) Training..16

३. Second Trimester Abortion (Blended) Training..18

४. Advanced IPC Training (Blended)..18

५. Hemodialysis Equipment Maintenance..19

६. Ambulance Driver Training..20

७. Community First Health Responder (CFHR) Training..21

८. CTS (Clinical Training Skill)..21

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद..22

९. ऐन, नियम, रणनिति र निर्देशिकाको सूचिः..23

निर्देशक

आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः..23

१०. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः https://nhtc.gov.np/..................................24

११. सार्वजनिक निकायका सूचनाहरु...24

१.राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको स्वरुप र प्रकृतिः

परिचय

रष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको राष्ट्रिय स्वास्थ्य नीति २०४८ अनुसार वि.स. २०५० स्थापना भई स्वास्थ्य सम्बन्धी तालिमको संयोजन तथा प्राविधिक एंव व्यवस्थापकिय नेतृत्व प्रदान गर्दै स्वास्थ्यकर्मीहरुका लागि विभिन्न तालिमहरु संचालन हुँदै आएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत सञ्चालन हुने सम्पूर्ण तालिम कार्यक्रमहरूको समन्वय तथा व्यवस्थापन गर्ने उद्देश्यले भएको हो। यस केन्द्रले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गतका सबै विभाग, महाशाखा तथा केन्द्रहरूको तालिमसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्दै आएको छ। यस केन्द्रले राष्ट्रिय स्वास्थ्य नीति, २०७६, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति (सन् २023–२030) तथा दिगो विकास लक्ष्य (सन् २०३०) ले परिकल्पना गरेका लक्ष्यहरू प्राप्त गर्न योगदान पुर्‍याउँछ। साथै, यसले राष्ट्रिय स्वास्थ्य तालिम रणनीति, सन् (२०८२-२०८७) अनुरूप तालिम कार्यक्रमहरूको योजना निर्माण तथा सञ्चालन गर्दछ।

लक्ष्य

स्वास्थ्य तालिम मार्फत सबै स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षतामा अभिवृद्धि गरी उत्तरदायी र उत्प्रेरित स्वास्थ्यकर्मीको विकास गर्ने।

उद्देश्यहरू

- तालिमको आवश्यकता पहिचानको आधारमा पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास एवम् परिमार्जन गर्ने
- तालिम केन्द्र र तालिम साइटहरुको सुदृढीकरण रक्षमता विकास गरी प्रभावकारी तालिम संचालन गर्ने

निर्देशक

- तालिमको गुणस्तर सुनिश्चितता, अनुगमन, अध्ययन र अनुसन्धान गर्ने
- तालिम सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने

रणनीतिहरू

- तालिम आवश्यकता पहिचान प्रक्रियालाई संस्थागत गर्ने
- पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास एवम् परिमार्जन गर्ने
- प्रविधि मैत्री तालिम प्रणाली विकास गर्ने

2. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्य विवरण

क) तालिम सामग्री विकास शाखाको कार्य विवरण

- स्वास्थ्य तालिम सामग्री विकास सम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा नियमावली तयार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गर्ने।
- तालिम सामग्री विकाससम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा गुणस्तरसम्बन्धी प्रावधानहरू तयार गर्ने।
- स्वास्थ्य क्षेत्रका तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रमका लागि सिकाइ स्रोत सामग्री (Learning Resource Packages) तथा पाठ्यक्रम विकास गर्ने।
- सङ्घीय सरकारको संलग्नता आवश्यक पर्ने राष्ट्रियस्तरका तालिम सामग्री विकासका कार्यमा सहजीकरण गर्ने।
- विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरी सिकाइ स्रोत सामग्री तथा पाठ्यक्रम अद्यावधिक र परिमार्जन गर्ने।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजा र आवश्यकताका आधारमा तालिम सामग्री तथा पाठ्यक्रम पुनरावलोकन र परिमार्जन गर्ने।
- प्रदेशस्तरमा तालिम सामग्री तथा पाठ्यक्रम विकास गर्न प्राविधिक सहयोग उपलब्ध गराउने।
- स्वास्थ्यकर्मीहरूको व्यावसायिक विकास तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम सामग्री तथा तालिम प्याकेज विकास गर्ने।

ख) सीप विकास शाखाको कार्य विवरण

निर्देशक

- सीप विकाससम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा नियमावली तयार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गर्ने।
- सीप विकाससम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा गुणस्तरसम्बन्धी प्रावधानहरू तयार गर्ने।
- राष्ट्रियस्तरमा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको पहिचान तथा आवश्यकता विश्लेषण गर्ने।
- सङ्घीय सरकारबाट सञ्चालन गर्नुपर्ने राष्ट्रियस्तरका तालिमहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने।
- सङ्घीय सरकारको संलग्नता आवश्यक पर्ने राष्ट्रियस्तरका तालिम सञ्चालनमा सहजीकरण गर्ने।
- स्वास्थ्यसम्बन्धी तालिम सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।
- प्रदेशस्तरमा तालिम तथा सीपसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने।
- स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि सूचना प्रविधिको उपयोग गरी दूरशिक्षण (Distance Learning) प्याकेजहरूको कार्यान्वयनमा सहजीकरण गर्ने।
- प्रदेशस्तरमा स्वास्थ्यकर्मीहरूको व्यावसायिक विकाससम्बन्धी क्रियाकलापहरूको कार्यान्वयनमा सहयोग गर्ने।
- तालिमसम्बन्धी सूचना तथा तथ्याङ्कको व्यवस्थापनमा सहयोग गर्ने।

ग) तालिम प्रत्यायन तथा नियमन शाखाको कार्य विवरण

- तालिम प्रत्यायन तथा नियमनसम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा नियमावली तयार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गर्ने।
- तालिम प्रत्यायन तथा नियमनसम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा गुणस्तरसम्बन्धी प्रावधानहरू तयार गर्ने।
- स्वास्थ्यसम्बन्धी तालिम सञ्चालन गर्ने संस्थाहरूलाई अनुमति प्रदान गर्ने तथा तिनको नियमन गर्ने।
- विभिन्न तालिम प्याकेज, पाठ्यक्रम तथा तालिम एवं सीप विकाससम्बन्धी क्रियाकलापहरूको नियमन तथा गुणस्तर सुनिश्चित गर्ने।

निर्देशक

- तालिम प्याकेज विकास गर्ने तथा तालिम सञ्चालन गर्ने संस्थाहरूलाई प्रत्यायन (Accreditation) प्रदान गर्ने।

घ) प्रशासन शाखा

1. केन्द्रका लागि आवश्यक खरिद तथा आपूर्ति व्यवस्थापनका कार्यहरू गर्ने।

2. तालिम सम्बन्धी सूचना प्रणालीलाई सुदृढीकरण गर्न समन्वय तथा सहजीकरण गर्ने।

3. संघीय स्तरको तालिम सम्बन्धी वार्षिक कार्ययोजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयनमा समन्वय तथा सहयोग गर्ने।

4. केन्द्रको सामग्रीको व्यवस्थापन गर्ने।

5. केन्द्रका कर्मचारीहरूको हाजिर तथा बिदा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

6. केन्द्रका कर्मचारीहरूको व्यक्तिगत विवरण अद्यावधिक गर्ने।

7. केन्द्रको दर्ता, चलानी सम्बन्धी कार्य गर्ने।

8. केन्द्रको भवनको सुरक्षा, सरसफाइ, बत्ती, पानी तथा टेलिफोनको प्रबन्ध लगायत आन्तरिक प्रशासनसम्बन्धी अन्य कार्य गर्ने।

9. केन्द्रमा रहेका सरसामानहरूको रेखदेख तथा मर्मत सम्भारको व्यवस्था मिलाउने।

10. केन्द्रको जिन्सी व्यवस्थापन गर्ने।

11. केन्द्रको कामका सिलसिलामा आइपर्ने अन्य प्रशासनिक कार्यहरू गर्ने।

12. केन्द्रस्तरमा कानुनी परामर्श प्रदान गर्ने।

13. केन्द्रको लागि आर्थिक विवरण तयार गर्ने।

14. केन्द्रको अख्तियारी व्यवस्थापन गर्ने।

15. केन्द्रका शाखाहरूको बजेट निकासा गराउने।

निर्देशक

16. केन्द्रको आन्तरिक लेखा परीक्षण गराउने।

17. केन्द्रको अन्तिम लेखा परीक्षण गराउने।

18. केन्द्रको बेरुजुको लगत राख्ने तथा बेरुजु फछ्र्यौट गराउने।

19. केन्द्रको कार्य सञ्चालनको निकासा लिने।

20. केन्द्रको दैनिक कार्य सञ्चालनको लागि खर्च भएको रकम भुक्तानी दिने।

21. केन्द्रको आर्थिक तथा आन्तरिक प्रशासन सम्बन्धी मासिक तथा वार्षिक विवरण तयार गर्ने।

22. केन्द्रको आर्थिक प्रशासनसँग सम्बन्धित राय सल्लाह प्रदान गर्ने।

३. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुको दरबन्दी विवरण

क्र.स	पद	श्रेणी/तह	दरबन्दी संख्या	पदपूर्ति	रिक्त	कैफियत
१.	निर्देशक	११ तह	१	१	-	-
२.	बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक	९/१० तह	१	१	-	-
३.	बरिष्ठ /जन स्वास्थ्य प्रशासक	९/१० तह	२	२	-	-
४.	बरिष्ठ/ स्वास्थ्य शिक्षा अधिकृत	७/८ तह	२	२	-	-
५.	मेडिकल अधिकृत	८ तह	१	१	-	असाधारण विदा मिति २०८३/०६/०१ देखि
६.	बरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत	७/८ तह	१	१	-	-
७.	बरिष्ठ/जनस्वास्थ्य अधिकृत	७/८ तह	१	-	१	

निर्देशक

८.	शाखा अधिकृत	राजपत्रांकित तृतीय श्रेणी	१	१	-	-
९	लेखा अधिकृत	राजपत्रांकित तृतीय श्रेणी	१	१	-	-
१०.	नायब सुब्बा	राजपत्र अ.प्रथम	२	२	-	-
११.	स्वास्थ्य शिक्षा टेकनिसियन	५ तह	१	१	-	स्वा.ता.के.धनगडीमा कामकाज
१२.	हलुका सवारी चालक	श्रेणी बिहिन	१	१	-	-
१३.	कार्यालय सहयोगी	श्रेणी बिहिन	२	२	-	-
जम्मा			१७	१६	१	

N.S.I को आर्थिक सहायतामा कार्यरत कर्मचारी

BMET कार्यक्रम सञ्चालनतर्फ

१. प्रशासननिक सहायक-१
२. सूचना प्रविधि अधिकृत-१
३. बायोमेडिकल इन्जिनियर-१
४. बायोमेडिकल टेक्निसियन-१
५. BMET Lead (टोली प्रमुख)
६. वरिष्ठ प्रशासन अधिकृत
७. वरिष्ठ प्रशिक्षक
८. प्रशिक्षक

निर्देशक

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुको संगठन संरचना



4. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रदान गरिने सेवा, रहेका शाखा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा मुख्य रूपमा ४ वटा शाखाहरू रहेका छन्।

- तालिम सामग्री विकास शाखा
- शिप विकास शाखा
- तालिम प्रत्यायन तथा नियमन शाखा
- प्रशासन शाखा

- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा मुख्य रूपमा मनकामना, लुम्बिनी, सगरमाथा र खप्तड गरी ४ वटा तालिम हल रहेका छन्। उक्त तालिम हलहरू सरकारी क्षेत्रका निकायहरूलाई आवश्यकता अनुसार निःशुल्क उपलब्ध गराउँदै आएको छ भने निजी तथा गैरसरकारी क्षेत्रका संस्थाहरूलाई केन्द्रद्वारा निर्धारित शुल्कका आधारमा उपलब्ध गराउँदै आएको छ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संघ–संस्थाहरूले तालिम हल भाडामा लिन आवश्यक भएमा अग्रिम रूपमा पत्राचार गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलाई जानकारी गराउनुपर्नेछ। केन्द्रले उपलब्धता र आवश्यकताका आधारमा सरकारी क्षेत्रका निकायहरूलाई प्राथमिकताका साथ तथा सम्भव भएसम्म गैरसरकारी र निजी क्षेत्रका संघ–संस्थाहरूलाई समेत निर्धारित शुल्कका आधारमा तालिम हल उपलब्ध गराउँदै आएको छ।
- यस केन्द्र अन्तर्गत रहेको BMET (Biomedical Equipment Technology) युनिट मार्फत डिप्लोमा इन बायोमेडिकल इक्विपमेन्ट इन्जिनियरिङ (Diploma in Biomedical Equipment

निर्देशक

Engineering) १८ महिना कार्यक्रम सञ्चालन हुँदै आएको छ। उक्त कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिहरूले तोकिएको प्रक्रिया तथा मापदण्डअनुसार आवेदन दिनुपर्नेछ।

- सरकारी अस्पतालहरूमा प्रयोगमा रहेका प्रयोगशालाका उपकरणहरू मर्मतसम्भार गर्नुपर्ने भएमा यस केन्द्रअन्तर्गतको BMET युनिटमा अनुरोध गर्न सकिनेछ। सम्बन्धित सरकारी अस्पतालबाट अनुरोध प्राप्त भएपछि BMET युनिटले उपलब्ध जनशक्ति, प्राविधिक क्षमता तथा आवश्यकताका आधारमा निःशुल्क रूपमा उपकरणहरूको मर्मतसम्भार सेवा प्रदान गर्दै आएको छ।
- गैरसरकारी संस्था तथा विकास साझेदारहरूले स्वास्थ्यसम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने भएमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँग समझदारीपत्र (Memorandum of Understanding—MoU) गर्नुपर्नेछ। उक्त समझदारीपत्रका आधारमा केन्द्र र सम्बन्धित संस्थाबीच आपसी समन्वय तथा सहकार्यमा तालिम सञ्चालन गरिनेछ।
- सरकारी निकायबाहेक अन्य निकायहरूद्वारा सञ्चालन गरिने तालिममा (Certification) प्रमाणीकरण सम्बन्धी कार्यका लागी प्राप्त कुल शुल्कको १० प्रतिशत रकम यस केन्द्रको तोकिएको खातामा जम्मा गर्नुपर्नेछ।
- यस केन्द्रबाट सञ्चालन गरिने तालिम कार्यक्रमका लागि तालिम आवश्यकताको पहिचान गरी सहभागी पठाउन सम्बन्धित निकायहरूलाई सहभागी मनोनयनका लागि पत्राचारमार्फत अनुरोध गरिँदै आएको छ।
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले मुख्य रूपमा स्वास्थ्यकर्मीहरूको क्षमता विकास, तालिम पाठ्यक्रम तथा सामग्री विकास, प्रशिक्षक विकास, सीपमूलक तालिम सञ्चालन, तालिमको प्रत्यायन तथा नियमन, तालिमको गुणस्तर सुनिश्चितता, अनुगमन तथा मूल्याङ्कन, स्वास्थ्यसम्बन्धी नयाँ ज्ञान तथा प्रविधिको हस्तान्तरण र स्वास्थ्य नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्दै आएको छ। साथै, तालिमसम्बन्धी अभिलेख तथा सूचना व्यवस्थापन गर्नुका साथै अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा विकास साझेदार संस्थाहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी स्वास्थ्य तालिम कार्यक्रमहरूको प्रभावकारी सञ्चालनमा योगदान पुऱ्याउँदै आएको छ।

५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

निर्णय गर्ने अधिकारीः

निर्देशक

निर्देशक।

निर्देशकबाट अधिकार प्रत्यायोजन भए कमोजिम राजपत्रांकित कर्मचारीबाट।

६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रचलित कानून बमोजिम

७. केन्द्रबाट चालु आ.व 2083/084 को प्रथम त्रैमासिक अन्तर्गत(2083 श्रावण देखि आश्विन मसान्तसम्म) सम्पादित कार्यहरुः

तालिम प्रत्यायन तथा नियमन शाखा

1. Intership/Orientation लगायतका अध्ययन कायमा आउने विद्यार्थी हरुलाई support गर्ने कार्यक्रम अन्तर्गत राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र यसले प्रदान गर्ने सबै प्रकारका तालिमहरुको सम्क्षिप्त परिचय सहितको अभिमुखीकरण २ ब्याच सम्पन्न भयो|
2. संचालन भैरहेका तालिम कयाकलापहरुको गुणस्तर मापन, पृष्ठपोषण तथा नियमन गर्ने कार्यक्रम अन्तर्गत नेपालगंज मेडिकल कलेज, भेरी अस्पतालमा निर्देशकज्यू समेतको टिमबाट अनुगमन सम्पन्न भयो |
3. तालिम साइटहरुको सिमुलेशन ल्याब प्रत्यायन तथा स्तरीकरण गर्ने कार्यक्रम अन्तर्गत भेरी अस्पताल नेपालगंज र नारायणी अस्पताल, पर्सामा निर्माण भैरहेको सिमुलेसन ल्याबको निरिक्षण गरि आवश्यक पृष्ठपोषणहरु आदान प्रदान गरियो |
4. प्रादेशिक स्वास्थ्य तालिम केन्द्र तथा क्लिलिनकल तालिम साइटहरुसंगको समन्यव, समिक्षा तथा योजना गोष्ठी १ पटक गर्ने कार्यक्रम अन्तर्गत चितवनको भरतपुरमा सातै प्रदेशका तालिम केन्द्र, निर्देशनालय र देशभरका ६७ वटै तालिम साईटहरुबाट प्रमुख तथा प्रतिनिधिहरु सम्मिलित ९५ जनाको सहभागितामा यहि मिति २०८३ भाद्र ९ र १० गते सम्पन्न भयो | उक्त समिक्षा तथा समन्वय गोष्ठीमा राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीलाई सहयोग गर्ने, UNFPA, WHO, UNICEF, OHW, NSI, OHW, Simulation society, Laedral Global Health, ADRA Nepal जस्ता संघ संस्थाहरुको सहयोग तथा सहभागिता रहेको थियो | उक्त गोष्ठीमा

निर्देशक

स्वास्थ्य तालिम प्रणाली को SWOT विश्लेषण सहित तालिम प्रणालीलाई थप मजबुत बनाउने प्रतिवद्दता समेत भयको थियो ।

5. तालिम साईट स्वीकृति तथा नविकरण तथा नियमन गर्ने कार्यक्रम अन्तर्गत भक्तपुर क्यान्सर अस्पताल तथा Spinal Injury and Rehabilitation center लाई तालिम साईटको रुपमा सुचिकृत गर्ने सम्बन्धमा सम्बन्धित बिज्ञ सहितको संलग्नतामा अध्ययन अवलोकन सम्पन्न गरियो ।

<u>तालिम सामाग्री विकास शाखा</u>

शाखाको कार्यविवरण

- स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई तालिम सामग्री विकाससम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा नियमावली तयार गर्न सहयोग गर्ने।
- तालिम सामग्री विकास सम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा गुणस्तरसम्बन्धी प्रावधानहरू तयार गर्ने।
- स्वास्थ्य तथा खाद्य स्वच्छता क्षेत्रका तालिम तथा सीप विकाससम्बन्धी क्रियाकलापका लागि सिकाइ स्रोत सामग्री वा पाठ्यक्रम विकास गर्ने।
- सङ्घीय सरकारको संलग्नता आवश्यक पर्ने राष्ट्रियस्तरका तालिम सामग्री विकास कार्यमा सहजीकरण गर्ने।
- विभिन्न सरोकारवालाहरूसँग समन्वय गरी सिकाइ स्रोत सामग्रीहरू अद्यावधिक तथा परिमार्जन गर्ने।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आवश्यकताअनुसार तालिम सामग्री तथा पाठ्यक्रम परिमार्जन गर्ने।
- प्रदेशस्तरमा तालिम प्याकेज वा पाठ्यक्रम विकास गर्न प्राविधिक सहयोग उपलब्ध गराउने।
- स्वास्थ्यकर्मीहरूको व्यावसायिक क्षमता तथा दक्षता अभिवृद्धिका लागि तालिम प्याकेजहरू विकास गर्ने।

निर्देशक

शाखा बाट सम्पादित प्रमुख कृयाकलापहरू

- नया विकास भएका तालिम सामाग्रीहरूको स्विकृती
  - Primary Eye Care Training
- परिमार्जित तालिम सामाग्रीहरूको स्विकृती
  - Integrated RH Morbidity Screening
  - Cervical Cancer Screening Program CCSP
  - Geriatric Nursing Care
- तालिम सामाग्रीहरू परिमार्जनको प्रक्रियामा रहेको
  - Basic Life Support (BLS)
  - Primary Emergency Care (PEC)
  - Child and Adolescent Mental Health (CAMH)- Mental Health Module-3
  - Primary Burn Care
- नया तालिम सामाग्री विकासको प्रक्रियामा रहेको
  - Advanced Burn Care (ABC), पाइलटिङ तालिम सन्चालन भैरहेको
  - Procurement in Health Sector
  - Family Planning LARC Training for MD OBGYN
  - Family Planning LARC preservice for MD Residents (OBGYN, GP)
  - Clinical Coach/Mentor Development Training on MNH Service
  - Hospital Management for Mesu/chiefs
- NHTC e Learning Platform बाट निशुल्क अनलाइन तालिमहरू सन्चालन
  - Health Response to GBV
  - PEN Plus
  - Respectful Maternity and newborn care
- Refresher तालिम LRP विकास तथा सन्चालन
  - Rural Obstetric Ultrasound Training for Nurses
- Field Epidemiology Training Program
  - IFETP - First Cohort – तेस्रो कार्यशाला सम्पन्न, १४ जना सहभागी
  - IFETP- Second Cohort – तेस्रो कार्यशाला सम्पन्न, १५ जना सहभागी
  - Regional Workshop on Risk Communication कार्यशाला ३ दिनको सम्पन्न , ७ देशको सहभागिता

- 2nd Bangladesh FETP Conference September 20-21 मा नेपालका १५ वटा Scientific Abstract हरू प्रस्तुतिकरण, कुल १७ जनाको सम्मेलनमा सहभागिता, नेपालले प्रस्तुतिकरणमा प्रथम स्थान प्राप्त गरेको

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, बमोजिमको जानकारीमूलक भिडियो, स्टिकर, फ्लायरहरूमा स्वास्थ्य मन्त्रालयको नाम अध्यावधिकिकरण
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको Digital library मा Learning Resource Package हरू प्रविष्टिकरण

सिप विकास शाखा

१ सम्पन्न तालिमहरुको विवरण

क्र.सं.	तालिमको नाम	ब्याच	सहभागी सङ्ख्या	सुरु भएको मिति	सम्पन्न भएको मिति/अवस्था
१	स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training	पहिलो ब्याच	१६	२०८३ श्रावण २०	२०८३ श्रावण २५
२	स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training	दोस्रो ब्याच	१६	२०८३ श्रावण २८	२०८३ भदौ ३
३	स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training	तेस्रो ब्याच	१६	२०८३ असोज १३	२०८३ असोज १८
४	सरकारी कर्मचारीका लागि BLS तालिम	पहिलो ब्याच	२४	२०८३ असोज २६	२०८३ असोज २६
५	सरकारी कर्मचारीका लागि BLS तालिम	दोस्रो ब्याच	२४	२०८३ असोज २७	२०८३ असोज २७

निर्देशक

६	सरकारी कर्मचारीका लागि BLS तालिम	तेस्रो ब्याच	२८	२०८३ असोज २८	२०८३ असोज २८
७	सरकारी कर्मचारीका लागि BLS तालिम	चौथो ब्याच	२०	२०८३ असोज २९	२०८३ असोज २९
८	Second Trimester Abortion (Blended) Training	पहिलो ब्याच	५	अनलाइन तालिम सुरु भएको	सञ्चालनमा रहेको
९	Advanced IPC Training (Blended)	पहिलो ब्याच	१९	३० दिनको Self-Paced अवधि सम्पन्न भएको	सञ्चालनमा रहेको
१०	Hemodialysis Equipment Maintenance	—	१३	२०८३/०६/१२	२०८३/०६/२६
११	Ambulance Driver Training	—	१६	२०८३/०६/१४	२०८३/०६/१६
१२	Community First Health Responder (CFHR) Training	—	२४	२०८३/०६/२१	२०८३/०६/२३
१३	CTS (Clinical Training Skill)	—	१६	२०८३/०६/२३	२०८३/०६/२७
जम्मा तालिम लिएको संख्या			२३७		

२ सञ्चालन गरिएका तालिमहरूको संक्षिप्त विवरण

१. स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training

नाम

स्वास्थ्यकर्मीका लागि Primary Burn Care Training

तालिमको उद्देश्य

जलेका बिरामीको प्रारम्भिक मूल्याङ्कन, प्राथमिक उपचार, जटिलता न्यूनीकरण तथा आवश्यकताअनुसार उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्ने स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नु।

तालिमको मिति

निर्देशक

- पहिलो ब्याचः २०८३ श्रावण २० देखि २०८३ श्रावण २५ सम्म।
- दोस्रो ब्याचः २०८३ श्रावण २८ देखि २०८३ भदौ ३ सम्म।
- तेस्रो ब्याचः २०८३ असोज १३ देखि २०८३ असोज १८ सम्म।

तालिमको अवधि

प्रत्येक ब्याच ६ दिन।

सहभागी विवरण

ब्याच	सहभागी सङ्ख्या
पहिलो ब्याच	१६
दोस्रो ब्याच	१६
तेस्रो ब्याच	१६
जम्मा	४८ जना

तालिमका अपेक्षित उपलब्धि

१ जलेका बिरामीको प्रारम्भिक मूल्याङ्कन तथा अवस्थाको गम्भीरता पहिचान गर्न।
२ जलेका बिरामीलाई आवश्यक प्राथमिक उपचार प्रदान गर्न।
३ जलनबाट उत्पन्न हुन सक्ने जटिलता न्यूनीकरणका उपाय अपनाउन।
४ आवश्यकताअनुसार बिरामीलाई उपयुक्त स्वास्थ्य संस्थामा सुरक्षित रूपमा प्रेषण गर्न।

२. सरकारी कर्मचारीका लागि **Basic Life Support (BLS) Training**

नाम

सरकारी कर्मचारीका लागि Basic Life Support (BLS) तालिम

तालिमको उद्देश्य

आकस्मिक अवस्थामा जीवनरक्षा गर्न आवश्यक आधारभूत सीप विकास गर्नुका साथै कार्डियोपल्मोनरी रिससिटेसन (CPR), श्वासनलीमा अवरोध व्यवस्थापन (Choking Management) तथा अन्य आधारभूत जीवनरक्षक उपाय अपनाउन सरकारी कर्मचारीको क्षमता अभिवृद्धि गर्नु।

तालिमको मिति

निर्देशक

- पहिलो ब्याचः २०८३ असोज २६ गते।
- दोस्रो ब्याचः २०८३ असोज २७ गते।
- तेस्रो ब्याचः २०८३ असोज २८ गते।
- चौथो ब्याचः २०८३ असोज २९ गते।

तालिमको अवधि

प्रत्येक ब्याच १ दिन।

तालिमको लक्षित समूह

सरकारी कार्यालय तथा निकायमा कार्यरत कर्मचारी, जसले कार्यालय वा सार्वजनिक स्थानमा हुने आकस्मिक अवस्थामा प्रारम्भिक जीवनरक्षक सहायता प्रदान गर्नुपर्ने हुन सक्छ।

सहभागी विवरण

ब्याच	सहभागी सङ्ख्या
पहिलो ब्याच	२४
दोस्रो ब्याच	२४
तेस्रो ब्याच	२८
चौथो ब्याच	२०
जम्मा	९६ जना

तालिमका अपेक्षित उपलब्धि

1. आकस्मिक अवस्था पहिचान गरी तत्काल आवश्यक सहायता उपलब्ध गराउन।
2. आवश्यकताअनुसार CPR को अभ्यास गर्न।
3. श्वासनलीमा अवरोध भएको अवस्थामा उपयुक्त प्रारम्भिक व्यवस्थापन गर्न।
4. आकस्मिक अवस्थामा आपत्कालीन सेवा तथा सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय गर्न।

निर्देशक

5. स्वास्थ्यकर्मी वा एम्बुलेन्स सेवा आइपुग्नुअघि सुरक्षित रूपमा आधारभूत जीवनरक्षक सहायता प्रदान गर्न।

३. Second Trimester Abortion (Blended) Training

नाम
Second Trimester Abortion (Blended) Training
तालिमको उद्देश्य

दोस्रो त्रैमासिकको गर्भपतन सेवा सुरक्षित, गुणस्तरीय तथा निर्धारित मापदण्डअनुसार प्रदान गर्न सम्बन्धित स्वास्थ्यकर्मीको ज्ञान, सीप र व्यावहारिक क्षमता अभिवृद्धि गर्नु।

तालिमको मिति
अनलाइन तालिम सुरु भइसकेको र तालिम सञ्चालनमा रहेको।
तालिमको अवधि

अनलाइन अध्ययन तथा प्रत्यक्ष प्रशिक्षण समावेश भएको मिश्रित (Blended) तालिम विधि। कुल अवधि तथा प्रत्यक्ष प्रशिक्षणको मिति पुष्टि गर्नुपर्ने।

सहभागी विवरण
पहिलो ब्याचमा ५ जना।
तालिमका अपेक्षित उपलब्धि

१ दोस्रो त्रैमासिकको गर्भपतन सेवासम्बन्धी प्रचलित मापदण्ड तथा प्रोटोकलको पालना गर्न।
२ सेवाग्राहीको अवस्थाअनुसार उपयुक्त सेवा व्यवस्थापन गर्न।
३ सम्भावित जटिलता पहिचान तथा आवश्यक प्रारम्भिक व्यवस्थापन गर्न।
४ आवश्यकताअनुसार उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण तथा समन्वय गर्न।
५ सेवाग्राहीको सुरक्षा, गोपनीयता र सम्मान कायम राख्दै गुणस्तरीय सेवा प्रदान गर्न।

४. Advanced IPC Training (Blended)

नाम
Advanced IPC Training (Blended)
तालिमको उद्देश्य

स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा संक्रमण रोकथाम तथा नियन्त्रण (Infection Prevention and Control—IPC) सम्बन्धी उन्नत ज्ञान, सीप तथा व्यावहारिक अभ्यासको विकास गरी स्वास्थ्य संस्थामा संक्रमणको जोखिम न्यूनीकरण गर्नु।

तालिमको मिति

३० दिनको स्वअध्ययन अवधि सञ्चालनमा रहेको। प्रत्यक्ष प्रशिक्षणको मिति पुष्टि गर्नुपर्ने।

तालिमको अवधि

३० दिनको स्वअध्ययन अवधिसहित अनलाइन तथा प्रत्यक्ष प्रशिक्षण समावेश भएको मिश्रित तालिम विधि। कुल अवधि पुष्टि गर्नुपर्ने।

सहभागी विवरण
पहिलो ब्याचमा १९ जना।
तालिमका अपेक्षित उपलब्धि

१ संक्रमण रोकथाम तथा नियन्त्रणसम्बन्धी राष्ट्रिय मापदण्ड र प्रोटोकलको प्रभावकारी कार्यान्वयन गर्ने।
२ स्वास्थ्य सेवासँग सम्बन्धित संक्रमणका जोखिम पहिचान तथा न्यूनीकरण गर्ने।
३ हातको स्वच्छता, व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग तथा सुरक्षित स्वास्थ्य सेवा अभ्यास अवलम्बन गर्ने।
४ स्वास्थ्य संस्थामा संक्रमण निगरानी, जोखिम व्यवस्थापन तथा सुधारात्मक उपाय कार्यान्वयनमा योगदान पुर्‍याउन।
५ स्वास्थ्यकर्मी तथा सेवाग्राहीको संक्रमण जोखिम न्यूनीकरण गर्ने।

५. Hemodialysis Equipment Maintenance

नाम
Hemodialysis Equipment Maintenance
तालिमको उद्देश्य

हेमोडायलाइसिस उपकरणको नियमित मर्मतसम्भार, कार्यक्षमता कायम राख्ने तथा उपकरणसम्बन्धी प्राविधिक समस्या पहिचान र समाधान गर्ने प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्नु।

निर्देशक

तालिमको मिति
२०८३ असोज १२ देखि २०८३ असोज २६ सम्म।
तालिमको अवधि
१५ दिन।
सहभागी विवरण
१३ जना।
तालिमका अपेक्षित उपलब्धि

१ हेमोडायलाइसिस उपकरणका प्रमुख भाग तथा तिनको कार्य पहिचान गर्न।
२ उपकरणको नियमित निरीक्षण तथा निवारक मर्मतसम्भार गर्न।
३ उपकरणमा देखिने सामान्य प्राविधिक समस्या पहिचान गर्न।
४ निर्धारित सुरक्षा मापदण्डअनुसार उपकरणको कार्यक्षमता परीक्षण गर्न।
५ उपकरणको सञ्चालनसम्बन्धी अभिलेख राख्न तथा आवश्यकताअनुसार प्राविधिक सहयोग उपलब्ध गराउन।

६. Ambulance Driver Training

नाम
Ambulance Driver Training
तालिमको उद्देश्य

एम्बुलेन्स चालकको सुरक्षित सवारी सञ्चालन, आकस्मिक अवस्थामा आवश्यक समन्वय तथा बिरामीलाई सुरक्षित र समयमै स्वास्थ्य संस्थासम्म पुऱ्याउने क्षमता अभिवृद्धि गर्नु।

तालिमको मिति
२०८३ असोज १४ देखि २०८३ असोज १६ सम्म।
तालिमको अवधि
३ दिन।
सहभागी विवरण
१६ जना।
तालिमका अपेक्षित उपलब्धि

निर्देशक

१ एम्बुलेन्स सुरक्षित रूपमा सञ्चालन गर्न तथा ट्राफिक नियमको पालना गर्न।
२ आकस्मिक अवस्थामा सुरक्षित र जिम्मेवार ढङ्गले सवारी सञ्चालन गर्न।
३ बिरामीको अवस्थाअनुसार स्वास्थ्य संस्था तथा सम्बन्धित स्वास्थ्यकर्मीसँग समन्वय गर्न।
४ एम्बुलेन्समा उपलब्ध आधारभूत उपकरण तथा सुरक्षा सामग्रीको उचित प्रयोग र हेरचाह गर्न।
५ बिरामीलाई सुरक्षित रूपमा स्वास्थ्य संस्थासम्म पुऱ्याउन तथा प्रेषण प्रक्रियामा सहयोग गर्न।

७. Community First Health Responder (CFHR) Training

नाम
Community First Health Responder (CFHR) Training
तालिमको उद्देश्य

स्वास्थ्य संस्थाको औपचारिक सेवा प्राप्त गर्नुअघि समुदायमा उत्पन्न हुने आकस्मिक स्वास्थ्य अवस्था पहिचान, प्रारम्भिक सहायता तथा सुरक्षित प्रेषणमा सहयोग गर्न सक्ने जनशक्ति विकास गर्नु।

तालिमको मिति
२०८३ असोज २१ देखि २०८३ असोज २३ सम्म।
तालिमको अवधि
३ दिन।
सहभागी विवरण
२४ जना।
तालिमका अपेक्षित उपलब्धि

१ समुदायमा हुने आकस्मिक स्वास्थ्य अवस्था पहिचान गर्न।
२ आफ्नो तालिम र कार्यक्षमताको सीमाभित्र रही प्रारम्भिक सहायता प्रदान गर्न।
३ आवश्यकताअनुसार आधारभूत जीवनरक्षक उपाय अपनाउन।
४ एम्बुलेन्स सेवा, स्वास्थ्य संस्था तथा सम्बन्धित निकायसँग समन्वय गर्न।
५ बिरामीलाई सुरक्षित रूपमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्न।
६ स्वास्थ्यकर्मी वा एम्बुलेन्स आइपुग्नुअघिको समयलाई प्रभावकारी रूपमा उपयोग गरी बिरामीको सुरक्षामा सहयोग पुऱ्याउन।

८. CTS (Clinical Training Skill)

नाम

CTS (Clinical Training Skill)
तालिमको उद्देश्य

स्वास्थ्यकर्मीको क्लिनिकल तालिम सञ्चालन, व्यावहारिक सीप हस्तान्तरण, प्रदर्शन तथा प्रशिक्षण सहजीकरणसम्बन्धी क्षमता अभिवृद्धि गरी स्वास्थ्यसम्बन्धी तालिमको गुणस्तर सुधार गर्नु।

तालिमको मिति
२०८३ असोज २३ देखि २०८३ असोज २७ सम्म।
तालिमको अवधि
५ दिन।
सहभागी विवरण
१६ जना।
तालिमका अपेक्षित उपलब्धि

१ क्लिनिकल तालिमको उद्देश्यअनुसार सत्र योजना तयार गर्ने।
२ प्रदर्शन, अभ्यास तथा अन्य उपयुक्त विधिबाट व्यावहारिक सीप सिकाउन।
३ प्रशिक्षार्थीको सीप तथा कार्यसम्पादनको अवलोकन र मूल्याङ्कन गर्ने।
४ प्रभावकारी प्रतिक्रिया प्रदान गरी प्रशिक्षार्थीको सीप सुधारमा सहयोग गर्ने।
५ क्लिनिकल तालिमलाई व्यवस्थित, सहभागीमूलक तथा उपलब्धिमूलक बनाउन।

क) प्रशासन शाखा

-१२ औं व्याचको मिति २०८३/०३/०१ देखि Diploma in Biomedical Equipment Engineering को कक्षा सञ्चालन गरिएको।

-१३ औं व्याचको मिति २०८३/०५/२२ देखि Diploma in Biomedical Equipment Engineering को कक्षा सञ्चालन गरिएको।

-केन्द्रको दैनिक प्रशासनिक काम-कारबाही गर्दै आएको।

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुख

नामः डा. प्रकाश प्रसाद शाह

पदः निर्देशक

निर्देशक

मोबाइल नम्बर:९८५२०५२२४३

सूचना अधिकारी

नामः डा. भक्त बहादुर के.सी

पदः बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक

मोबाइल नम्बर:९८५१३३३६८

९. ऐन, नियम, रणनिति र निर्देशिकाको सूचिः

नेपालको संविधान, २०७२

जनस्वास्थ्य सेवा ऐन, २०७५

जनस्वास्थ्य सेवा नियमावली, २०७७

राष्ट्रिय स्वास्थ्य नीति, २०७६

राष्ट्रिय स्वास्थ्य तालिम रणनीति, २००४

स्वास्थ्य जनशक्तिः राष्ट्रिय रणनीति र मार्गचित्र, २०७६

नेपाल स्वास्थ्य–क्षेत्र रणनीतिक योजना, २०७९/८०–२०८७/८८

नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति, २०७७/७८–२०८६/८७

राष्ट्रिय स्वास्थ्य उपचार गुणस्तरको सुनिश्चितता खाका, २०७९

राष्ट्रिय स्वास्थ्य वित्त रणनीति, २०८०–२०९०

राष्ट्रिय स्वास्थ्य तालिम रणनीति (२०८२-२०८७)

Simulation Accreditation Manual For Clinical Training Site 2026

तालिमको गुणस्तर सुधार टुल

आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

प्रथम त्रैमासिकको चालु, खर्च विवरण तपसिल बमोजिम रहेको छ। (श्रावण देखि आश्विन मसान्त सम्म)

जम्मा बिनियोजन	९३१३२७७६।००

निर्देशक

जम्मा खर्च	८९७५९३९।९९
तलब	४३२८४६७.६७
कर्मचारी तालिम	१०९७१९७।००
कार्यक्रम खर्च	९९६,६९६।००
प्रशासनिक खर्च	२५५३५७९।३२
प्रगति प्रतिशत	९.६४%

१०. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः https://nhtc.gov.np/

११. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः

facebook page: https://www.facebook.com/NHTCTEKU (National health training center, Kathmandu) website https://nhtc.gov.np/our-team/

निर्देशक